श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषयः रिट निवेदकहरुको व्यक्तिगत विवरणको गोपनियता कायम गरी पाउँ।

जना १० को वा. समेत जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १६ बस्ने वर्ष २१ को रुक्शना कपाली ........................................................................१

जना ३ को वा. समेत जि. काठमाण्डौं म.न.पा. वाडा नं. १४ बस्ने वर्ष ३२ को इशान रेग्मी ........................................................................१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरवार, काठमाण्डौ समेत ...........१ विपक्षी

मुद्दाः परमादेश समेत (०७७-WO-०६९५)

निवेदन वापत नियमानुसार लाग्ने दस्तुर यसै साथ राखी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १९ र ६६ बमोजिम निम्न लिखित व्यहोराको पुरक निवेदन गर्दछौं ।

१. उल्लेखित रिट निवेदन मिति २०७७/१०/१९ गते दर्ता भई सम्मानित अदालतमा विचाराधिन अवस्थामा छ । रिट निवेदनमा हामीहरुको वास्तविक नाम, लैङ्गिक विवरण र ठेगाना उल्लेख गर्नुका साथै व्यक्तिगत परिचान जनाउने नागरिकता, जन्मदर्ता र शैक्षिक प्रमाणपत्र लगायतका कागजप्रमाणहरु संलग्न गरेका छौं । तर अझैपनि हाम्रो परिवार र समाजको ठूलो हिस्साले हामी जस्ता सिमान्तकृत यौनिक, लैङ्गिक तथा यौन विशेषताका मानिसहरुलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार मानवोचित एवं सम्मानपूर्ण छैन । रिट निवेदनमा उल्लेख भएको हामीहरुको ठेगाना सहितको नाम र लैङ्गिक विवरण सार्वजनिक भएको

अवस्थामा हामी थप पीडित (re-victimize) हुनुपर्ने र परिवार तथा समाजबाट थप विभेद, अपमान, तिरस्कार र लान्छनाहरुको सामना गर्नुपर्ने अवस्था छ ।

२. प्रस्तुत रिट निवेदनका हामी निवेदक द्वय रुक्शना कपाली र ईशान रेग्मी वाहेकका निवेदकहरुले अझै पनि आफ्नो लैङ्गिकता वारे परिवार तथा समुदायमा सार्वजनिक गरी नसकेको अवस्था छ । यस्तो अवस्थामा रिट निवेदनमा उल्लेख भए अनुसार नाम र ठेगाना दुइटै विवरण सार्वजनिक भएमा निजहरुलाई उल्लेखित किसिमबाट थप विभेद, अपमान, तिरस्कार र लान्छनाहरुकोसामना गर्नुपर्ने भएकोले निजहरुको रिट निवेदनमा उल्लेखित ***ठेगाना सार्वजनिक नहुने/नगरिने*** सुनिश्चतताको लागि उपयुक्त र आवश्यक प्रवन्ध गरी पाउँ भनि यो निवेदन पेश गरेका छौं ।

२. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो । झुट्टा फरक ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

निवेदक

निज रुक्शना कपाली

निज इशान रेग्मी

ईति सम्वत् २०७७ साल माघ महिना २५ गते रोज १ शुभम् ...........................................१